
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

वर्ष २४ | अङ्क २८१ | श्रेणी क्षेत्रीय 'क' | २०८० कार्तिक १२ गते आइतबार | 29 Oct. 2023 | पृष्ठ ४ | मूल्य रू. ५।-

## कोजाग्रतमा ताल-बाराही देवीको दर्शन गर्नेको घुइँचो

**पोखरापत्र संवाददाता**
पोखरा, ११ कार्तिक



मोरङ विराट चोक निवासी खगेन्द्र तिमिल्सेनालाई पोखरा फेवातालको पानीमाथि ताल बाराही देवीका मूर्ति छ भन्ने कुरा यस अगाडि नै थाहा थियो । कोजाग्रत पूर्णिमा दिन देवीको दर्शन गर्न आउने मेसो उहाँलाई मिलेको थिएन । यसपटक भने उहाँले फुर्सद निकालेर परिवारसहित मुस्ताङको मुक्तिनाथ दर्शनसँगै आज पोखराको ताल बाराही देवीको दर्शन गर्न आउनुभएका तिमिल्सेनाले भन्नुभयो, "फेवाताल र ताल बाराही मन्दिर स्वर्गको टुक्रा जस्तै लाग्यो ।"

ताल बाराही मन्दिरको दर्शनसँगै आइतबार ग्रहण नुहाउन चितवनको देवघाट जाने र त्यतैबाट घर फर्कने सोच बनाउनुभएका तिमिल्सेनाले भन्नुभयो, "मुक्तिनाथ र ताल बाराही देवीको दर्शनले हिन्दू धर्मप्रतिको विश्वास जगाएको छ ।" गोरखाको आरुघाटबाट ताल बाराही देवीको दर्शन गर्न आउनुभएका कृष्ण लामिछानेले भन्नुभयो, "दसैँसँगै देवीका शक्तिपीठमा दर्शन गर्ने सोचअनुसार यसवर्ष पोखराको फेवातालमा अवस्थित ताल बाराही देवीको दर्शन गर्न आएको हुँ ।" पोखरा महानगरपालिका-३२ खुदी निवासी रमा अधिकारीले परापूर्व कालदेखि नै कोजाग्रत पूर्णिमाका दिन ताल बाराही मन्दिरमा दर्शन गर्नेको घुइँचो लाग्ने भएकाले आफू हरेकजसो वर्ष दर्शन गर्न यहाँ आउने गरेको बताउनुभयो । विश्वकै पर्यटकीयस्थल पोखरा-६ बैदामस्थित फेवातालको मध्यभागमा अवस्थित ताल बाराही मन्दिर पुनः निर्माण गर्न लागिएका कारण ताल बाराही देवीको पुरानो मन्दिर भत्काइएको छ । पुरानो मन्दिर भत्काएसँगै अर्को चाँदीको मूर्तिमा प्राण प्रतिष्ठा गरी नजिकैको हवनकुण्ड रहेको स्थानमा पूजाआजा गरिँदै आइएको छ। पुरानो मन्दिर भत्काइए पनि बारही देवीको दर्शन गर्न यस वर्षको कोजाग्रत पूर्णिमा पनि दर्शनार्थीको सङ्ख्या भने घटेको छन् ।

मन्दिरका पुजारी निर्मल पहारीका अनुसार कोजाग्रत पूर्णिमाका दिन परापूर्व कालदेखि ताल बाराही देवीको दर्शन गर्न भक्तजनको घुइँचो लाग्दै आउने गरेको र देवीको दर्शन गर्नले मनले चिताएको कुरा पुग्ने विश्वास रहदै आएको छ। ताल बाराही मन्दिर गुठी व्यवस्थापन समितिका कोषध्यक्ष निर्मल खत्रीले सयौँ वर्षदेखि कोजाग्रत पूर्णिमाका दिन ताल बाराही देवीको दर्शन गर्न विशेष मेला लाग्दै आएको र त्यही परम्परा अहिलेसम्म चलेको बताउनुभयो । उहाँका अनुसार कोजाग्रत पूर्णिमाका दिन मात्र ताल बाराही देवीको दर्शन गर्न चार-पाँच हजारको सङ्ख्यामा दर्शनार्थीको आउने गरेका छन् ।

मन्दिरको अस्तित्व विसं १६६७ देखि कायम रहिआएको पाइन्छ । कतैकतै विसं १४४७ देखि अस्तित्वमा रहेको भन्ने अभिलेखसमेत छ । कास्कीका राजा कुलमण्डन शाहले मन्दिरमा खरको झुप्रो हालेर पहिलो पटक मन्दिर स्थापना गरेको इतिहास छ । प्राचीनकालमा माटाको ढिस्कामा एउटा शीला थियो, त्यही मन्दिर स्थापना गरी ताल बाराही देवीको रूपमा पूजाआजा गर्न थालिएको पछि त्यही मन्दिर स्थापना गरिएको भनाइ ताल बाराही मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष हिक्मतबहादुर कुँवरले जानकारी दिनुभयो । तीन दशकयता ताल बाराही देवीको मन्दिरले पर्यटन र धर्म दुवैलाई जोडेको छ । तालमा देखिने माछापुच्छे हिमालको छायाँ र मन्दिर परिसरबाट देखिने हिमाली शृङ्खला, सराङकोट, विश्व शान्ति स्तूपजस्ता दृश्यले पर्यटक लोभिने गरेका छन् । प्राकृतिक मनोरम दृश्यको आनन्द लिन पाइने मात्र नभई तालबाराहीको दर्शन गरेपछि चिताएको पुग्ने धार्मिक विश्वासले पनि यहाँ सर्वसाधारणको आकर्षण बढेको छ। फेवाताल २३ दशमलव ३० मिटर गहिराइ र चार दशमलव ४६ किलोमिटर लम्बाइ तथा दुई किलोमिटर चौडाइको छ । त्यही तालको एक धेरै पुरानो मन्दिर तालबाराही भगवतीको मन्दिर हो। यसमा पूजाआजाको प्रारम्भ विसं १४६७ देखि भएको अर्का पूजारी परशुराम पहारीले बताउनुभयो । मन्दिर व्यवस्थापन समितिको स्थापना भने विसं २०५३ मा आएर मात्रै भएको थियो । हिकमतबहादुर कुँवरको नेतृत्वमा प्रथम व्यवस्थापन समिति बनेको थियो । तालको किनारबाट पाँच मिनेटभित्रै डुङ्गा चढेर बाराही मन्दिरसम्म पुग्न सकिन्छ । प्राकृतिक मनोरम दृश्यले यहाँ पुग्ने जो कोहीलाई आनन्दित तुल्याउने गर्छ ।

हाल भत्काइएको मन्दिर विसं २०१७ मा तत्कालीन राजा महेन्द्र शाहले अहिलेको स्वरूपमा निर्माण गर्नुभएको थियो । पुरानै शैलीमा कालीगढ मगाएर मन्दिर पुनःनिर्माणसँगै यहाँको समग्र व्यवस्थापानका लागि रु नौ करोडको गुरुयोजना तयार गरिएको जानकारी ताल बाराही मन्दिर पुनःनिर्माण परियोजनाका प्राविधिक संयोजक प्रा डा भरत पहारीले दिनुभयो । चार रोपनी क्षेत्रफलमा फैलिएको उक्त मन्दिर क्षेत्रलाई व्यवस्थित बनाउन मन्दिर पुनःनिर्माणसँगै अन्य संरचना निर्माणका लागि उक्त रकम खर्च गरिने भएको छ ।

## फिर्केखोलाका संरचना हटाउन ३५ दिने सूचना

**पोखरापत्र संवाददाता**
पोखरा, ११ कार्तिक

पोखरा महानगरपालिकाले बजार क्षेत्रबाट बग्ने फिर्केखोलाको खोलाघरभित्र बनेका सबै प्रकारका संरचना हटाउने भएको छ ।

पोखरा-१८ को अधेरीकुनादेखि सुरु भएर फेवातालमा मिसिने फिर्केखोलामा मापदण्डविपरीत निर्माण गरिएका संरचना हटाउन महानगरले ३५ दिने सार्वजनिक सूचना जारी गरेको हो। यसअघि महानगरबाट खटिएको प्राविधिक टोलीले स्थलगत नापजाँच गरी पोल गाडिएको भन्दाभित्र पर्ने स्थायी तथा अस्थायी संरचना हटाइने महानगरले जनाएको छ ।

गत साउन पहिलो साता महानगरले फिर्केखोलाको प्राकृतिक बहाव पत्ता लगाउने प्रयोजनका लागि एक प्राविधिक समिति बनाएर सीमाङ्कन सुरु गरेको थियो । सो प्राविधिक समितिले एक महिना लगाएर खोलाको नाप जाँच गरेको थियो । प्राविधिक समितिको प्रतिवेदनअनुसार फिर्केखोलाघरमाथि स्थायीदेखि अस्थायी प्रकृतिका एक सय ६० संरचना निर्माण गरेको पाइएको छ । फिर्केखोला अतिक्रमण गरी खोलामाथि सामाजिक संघसंस्था, विद्यालय तथा व्यक्तिगत घर तथा संरचना बनाएको पाइएको सो प्रतिवेदनमा उल्लेख छ । फिर्केखोला नै मिचेर ९७ वटा अस्थायी संरचना र ३५ स्थायी संरचना निर्माण गरेको पाइएको छ । खोलामाथि १० अस्थायी र १८ वटा स्थायी प्रकृतिका संस्थागत संरचना निर्माण गरिएको प्रतिवेदनमा उल्लेख छ। महानगरले अतिक्रमित संरचना नहटाएमा महानगरपालिका आफैँले हटाउने र सो क्रममा लाग्ने लागतसमेत सम्बन्धित व्यक्ति वा संस्थाले सरकारी बाँकीसरह भुक्तानी गर्नुपर्ने जनाएको छ । साविक ग्यारजाति पछि सराङकोट गाविस हुँदै हाल पोखरा महानगरपालिकाको वडा नं १८, २, ४, ५, ७, ८, ६ र १७ भएर फेवातालमा मिसिने फिर्केखोलाको लम्बाइ आठ किलोमिटर छ । यो खोला कम्तीमा ३.३० मिटरदेखि बढीमा ४० मिटरसम्म फराकिलो रहेको नापजाँचका क्रममा पाइएको छ। खोलाको उचाइ चारदेखि नौ मिटरसम्म गहिरो रहेको पाइएको हो । फिर्केखोलाको प्राविधिक नाप जाँचपछि यकिन गरिएको खोलाघरको पश्चिमतर्फ तीन सय तीन र पूर्वतर्फ दुई सय ८५ गरी पाँच सय ८८ सीमास्तम्भ गाडिएका छन् । प्रतिवेदनअनुसार फिर्केखोलामाथि २५ वटा पुल तथा कल्भर्ट रहेका छन् ।

महानगर प्रमुख धनराज आचार्यले सीमाङ्कन समितिको प्रतिवेदनलाई कार्यान्वयन गर्न लागिएको र त्यसक्रममा संरचना हटाइने बताउनुभयो । प्रमुख आचार्यले भन्नुभयो, "सम्बन्धित सरोकारवालासँग समन्वय गरेर खोला मिचेर बनाइएका संरचना हटाइनेछ ।" दिगो पर्यटन विकास परियोजनाअन्तर्गत फिर्केको संरक्षण, संवर्द्धन र विशेष सौन्दर्यीकरणको उद्देश्यसहित फिर्के कोरिडोरको विकास कार्यक्रम सञ्चालन गरिने प्रमुख आचार्यले बताउनुभयो ।

## राष्ट्रसंघका महासचिवको भ्रमणको तयारी पूरा

**रासस**
काठमाडौं, ११ कार्तिक

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको भ्रमणको तयारी पूरा भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निमन्त्रणामा उहाँ चारदिने भ्रमणमा नेपाल आउँदै हुनुहुन्छ ।

विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापन कार्यविधिअनुसार उहाँको सुरक्षा व्यवस्था गरिएको गृहमन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले राससलाई बताउनुभयो । नेपाली सेनाले पनि आफूलाई प्राप्त जिम्मेवारीअनुसार सुरक्षा व्यवस्था मिलाएको जनाएको छ । नेपाली सेनाको आफ्नै अतिविशिष्ट व्यक्ति सुरक्षा निर्देशनालयबाट सुरक्षा व्यवस्था गरिएको सेनाले जनाएको छ। भ्रमणका क्रममा महासचिव गुटेरेसले राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री दाहालसँग बेग्लाबेग्लै शिष्टाचार भेट गर्नुका साथै पूर्वप्रधानमन्त्रीहरू, प्रमुख राजनीतिक दलका नेतालगायतसँग भेटवार्ता गर्ने कार्यक्रम छ । उहाँले कात्तिक १४ गते सङ्घीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्नुहुनेछ । उहाँले काठमाडौँ उपत्यकाका पुरातात्विक क्षेत्र, लुम्बिनी, पोखरा, अन्नपूर्ण आधार शिविरलगायत क्षेत्रको भ्रमण गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

## राष्ट्रसंघका महासचिवको भ्रमणबाट अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको प्रतिष्ठा थप अभिवृद्धि हुन्छ : प्रधानमन्त्री दाहाल

**रासस**
काठमाडौं, ११ कार्तिक

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टेनियो गुटेरेसको आसन्न नेपाल भ्रमणबाट विश्व समुदायमा नेपालको प्रतिष्ठा अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभएको छ ।

बडादसैं, तिहार, नेपाल संवत् र छठलगायत पर्वका अवसर पारेर नेपाली कांग्रेसले पार्टी केन्द्रीय कार्यालयमा आयोजना गरेको चियापान तथा शुभकामना आादनप्रदान कार्यक्रममा सञ्चारकर्मीसंग कुराकानी गर्नुहुँदै उहाँले नेपाली जनताको आवश्यकता सम्बोधन गर्न उक्त भ्रमणबाट महत्वपूर्ण सहयोग मिल्ने छ भन्नुभयो । प्रधानमन्त्री दाहालले राष्ट्र सङ्घका महासचिवले नेपाल भ्रमणका क्रममा जलवायु परिवर्तन, शान्ति प्रक्रिया र नेपालको आर्थिक विकासको लक्ष्यबारे सम्बोधन गर्ने कार्यक्रम रहेको जानकारी दिनुभयो । महासचिवको भ्रमणलगत्तै कतारका राजा पनि नेपाल भ्रमणमा आउन लाग्नुभएको जानकारी दिँदै उहाँले नेपालको कूटनीतिक सफलताको परिणामस्वरुप उच्चस्तरीय भ्रमण हुन लागेको बताउनुभयो । "यसबीचमा मैले भारत, अमेरिका र चीनको भ्रमणको सन्दर्भमा जुन कूटनीतिक पहल भए त्यसैको परिणामस्वरुप संयुक्त राष्ट्र सङ्घका महासचिव र कतारका राजा नेपाल आउँदै हुनुहुन्छ", प्रधानमन्त्री दाहालले भन्नुभयो । चाडपर्वमा हुने चियापान कार्यक्रमले आपसी एकता अभिवृद्धि गर्न मात्रै नभई देशको राष्ट्रिय राजनीतिलाई पनि स्थिरतातर्फ लैजान सघाउ पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । "मुलुकलाई सहमति र समझदारीको बाटोमा लैजाने तथा जनताको अपेक्षाअनुसार विकासनिर्माण र समृद्धिलाई अघि बढाउन चियापानले कुनै न कुनैरुपले सहयोग गर्दै आएको छ", उहाँले भन्नुभयो ।

आफूले प्रधानमन्त्रीको जिम्मेवारी प्राप्त गरेदेखि नै राजनीतिक दलहरुका बीचमा समझदारी बनाउन प्रयास गर्दै आएको उहाँको भनाइ छ । मुलुकमा अराजकता सृष्टि गर्ने उद्देश्यका साथ राजनीतिक दलहरुमाथि प्रश्न उठाउने गरिएको उल्लेख गर्दै उहाँले सम्पूर्ण राजनीतिक दल एक ठाउँमा उभिएर त्यस्ता प्रवृत्तिलाई गतिलो जवाफ दिने तयारी भइरहेको बताउनुभयो ।

प्रधानमन्त्री दाहालले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेता तथा कार्यकर्तामा शुभकामना व्यक्त गर्न गर्नुभयो । चियापान संस्कृति बिपी कोइराला जीवितै हुँदा उहाँले नै सुरु गर्नुभएको स्मरण गर्दै उहाँले आपसी एकता र सद्भाव वृद्धि गर्न चियापान संस्कृतिले भूमिका खेल्दै आएको बताउनुभयो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मर्दी पदयात्रामा पर्यटकको घुइँचो

**पोखरापत्र संवाददाता**
पोखरा, ११ कार्तिक

कास्की जिल्लामा अवस्थित विश्व प्रख्यात मर्दी पदयात्रामा जाने पर्यटकको यतिबेला घुइँचो लागेको छ।

दसैँअघिदेखि नै यस पदयात्रामा पर्यटकको आगमन बढ्दा होटल तथा रेष्टुरेन्ट भरिभराउ भएका छन् । घटस्थापनादेखि आन्तरिक तथा बाह्य पर्यटक आगमन सुरु भएकामा दसैँको टीकाको भोलिपल्टदेखि पर्यटक आगमन ह्वात्तै बढेको व्यवसायीले बताएका छन्।

मर्दी पदयात्रा छोटो समयमा गर्न सकिने उत्कृष्ट पदयात्राभित्र पर्दछ । पोखराबाट तीन दिन दुई रातमा पदयात्रा सकेर फर्किन सकिने भएकालेसमेत अधिकांशको रोजाइमा पर्ने गरेको छ । हातले समाउन सकिएला झैँ लाग्ने गरी आँखै अघि ठडिएका हिमशृङ्खला अनि हिउँले छपक्कै छोपेका सेता पहाड, हरिया वनजङ्गल, सुन्दर डाँडाकाँडा र बस्तीले पर्यटक तानेको छ। प्राकृतिक सुन्दरताले भरिएको पदयात्रा मार्गका हरेक मनमोहक दृश्यले पर्यटक लाभिने गरेका छन् । कुमारी माछापुच्छ्रे हिमालसहित मर्दी, अन्नपूर्ण साउथ, हिमचुली, अन्नपूर्ण प्रथम, गङ्गापूर्ण, गन्धर्व चुलीलगायत आधा दर्जनभन्दा बढी हिमाल नियाल्ने अवसर मिल्ने भएकाले यस पदयात्रामार्गमा बाह्य तथा आन्तरिक पर्यटकको आकर्षण बर्सेनि बढ्ने गरेको छ।

मर्दी ट्रेक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष राजकुमार तामाङले दैनिक चार सयको हाराहारीमा आन्तरिक तथा बाह्य पर्यटकले अहिले मर्दी पदयात्रा गर्ने गरेको बताउनुभयो। उहाँका अनुसार पर्यटक आगमन बढेसँगै व्यवसायीलाई उनीहरूको स्वागत सत्कार र आतिथ्यतामा भ्याइनभ्याइ छ । "कोभिडले थला परेको पर्यटनलाई अहिलेको पर्यटक आगमन बढ्दा उत्साहित भएका छौँ। दसैँको भोलिपल्टदेखि हामीलाई पर्यटकको व्यवस्थापन गर्न हम्मेहम्मे परेको छ", तामाङले भन्नुभयो। मर्दी पदयात्रामा ६० वटा होटल तथा रेष्टुरेन्ट रहेका छन्। यहाँ दैनिक पाँच सय ५० हाराहारीमा पर्यटकलाई बास बस्नसक्ने क्षमता छ । कुनै दिन पर्यटक आगमन दैनिक पाँच सयभन्दा बढी हुने गरेको बताइन्छ । दुईदिनअघि मर्दीको पदयात्रा गर्नुभएका गण्डकी प्रदेशसभा सदस्य प्रकाश बरालले मर्दीको पदयात्रा गर्दा आफू रोमाञ्चित बनेको बताउनुभयो । 'भ्यू प्वाइन्ट'बाट देखिने सुन्दर दृश्यावलोकनले पदयात्रामा भोग्नुपरेका सबै थकान र कष्ट एकै क्षणमा भुलिने उहाँले सुनाउनुभयो। बरालले भन्नुभयो, "मर्दी ट्रेकिङ नेपालीहरूको प्रमुख रोजाइको पदयात्रा गन्तव्य बनेको छ । यसबाट आर्थिक गतिविधिमा योगदान दिएको छ, त्यहाँ गएर बस्न खान कुनै समस्या छैन । पारिवारिक यात्राको राम्रो गन्तव्यसमेत बनेको छ।" 'भ्यू प्वाइन्ट'मा शौचालयको अभावका कारण पर्यटक समस्यामा परेको देखिएको बताउँदै प्रदेशसभा सदस्य बरालले समस्या समाधानका लागि प्रदेश सरकारसँग पहल गर्ने बताउनुभयो। पोखराबाट २२ किमी दूरीमा रहेको माछापुच्छ्रे गाउँपालिकाको घलेल हुँदै कालीमाटी तथा सिदिङसम्म जीपयात्रापछि मर्दी पदयात्रा सुरु हुन्छ । त्यहाँबाट जङ्गलको बाटो हुँदै उकालो चढेर दुई हजार नौ सय ७० मिटर उचाइमा अवस्थित लो क्याम्प पुगिन्छ । माछापुच्छ्रेकै धम्पुस तथा अन्नपूर्ण गाउँपालिकाको काँढेबाटसमेत पोथना, अष्ट्रेलियन क्याम्प, प्रितम देउराली, फरेस्ट क्याम्प हुँदै लो क्याम्पसम्म पर्यटक पुग्दछन्। लो क्याम्पबाट बादलडाँडा, हाइक्याम्प, 'भ्यू प्वाइन्ट' हुँदै चार हजार पाँच सय मिटर उचाइको मर्दी आधार शिविर(एमविसी) पुगिन्छ।

'भ्यू प्वाइन्ट'बाट लस्करै ठडिएका आधा दर्जनभन्दा बढी हिमालसहित पोखरा उपत्यकालगायत स्थानको दृश्यावलोकन गर्न सकिन्छ। अधिकांश पर्यटक मर्दी हिमाल बेसक्याम्प पुगेर, घलेल, क्यानोनिङ हुँदै चिया गाउँका रूपमा परिचित ल्वाङ हुँदै पोखरा फर्कने गर्दछन् । मर्दी पदयात्रा छोटो समयको पदयात्राका रूपमा रहेकाले एक/दुई दिनको बिदाको समयमा समेत पूरा गर्न सकिने भएकाले पर्यटकको रोजाइमा पर्ने गरेको पदयात्रा क्षेत्रमा पर्ने होटल कालीमाटीका सञ्चालक शिव भण्डारीले बताउनुभयो।

# गाईपालनबाट मनग्य आम्दानी गर्दै रुक्मागत

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ११ कार्तिक

स्याङ्जाको गल्याङ नगरपालिका-१ मालुङ्गाका ४७ वर्षीय रुक्मागत न्यौपानेले मलेसिया, कतार, दुबई, भारत लगायतका मुलुकमा १२ वर्ष बिताउनुभयो। विदेशको कमाईबाट सन्तुष्ट हुन नसकेपछि उहाँ स्वदेशमै स्वरोजगार बन्ने सोचका साथ गाउँ फर्कनुभयो । न्यौपानेले गाउँ फर्किएपछि चार साथीहरूको सहकार्यमा भैँसीपालन व्यवसाय सुरु गर्नुभयो।

उत्तरवाहिनी पशुपालन फार्ममार्फत पाँच वर्षअघि १५ वटा मुर्रा जातका भैँसीबाट व्यवसाय सुरु गर्नुभएका न्यौपानेको फार्ममा अहिले भने होलिस्टेन र जर्सी जातका १५ गाई छन् । गोठ र आवाससहित ३० रोपनी क्षेत्रफलमा फैलिएको फार्म संयुक्त रूपमा रु ३२ लाखको लगानीबाट सुरु गरिएको थियो । विविध कारणले सहकार्य गर्नुभएका साथीहरूले एक वर्ष नहुँदै व्यवसायबाट हात झिकेपछि न्यौपानेले एक्लैले फार्म सञ्चालन गर्नुभयो। "सुरुका दुई वर्ष संयुक्त रूपमा भैँसीपालन गरेका थियौँ, भैँसीपालनमा समस्या धेरै देखियो, फार्मको पूर्ण अधिकार मसँग आएपछि गाई पाल्न सुरु गरेको हुँ", उहाँले भन्नुभयो, "अहिले फार्ममा छवटा दुहुना, तीनवटा ब्याउने र सात बाच्छाबाच्छी छन् । उहाँले गाईपालनका लागि नेपियर, जौघाँस, मकैघाँसलगायत उन्नत जातका घाँससमेत लगाउनुभएको छ।

एउटा गाईले दैनिक सात देखि १५ लिटरसम्म दूध दिने गरेको उहाँले बताउनुभयो । दैनिक ५० लिटर दूध उत्पादन गर्दै आउनुभएका उहाँले स्थानीय बजार र तुल्सीभञ्ज्याङ साना किसान दुग्ध सङ्कलन केन्द्रमा दूध बिक्री गर्दै आउनुभएको छ। स्थानीय बजारमा प्रतिलिटर रु एक सयका दरले दूध बिक्री भए पनि साना किसान दुग्ध सङ्कलन केन्द्रमा भने ल्याक्टो फ्याटका आधारमा दूधको मूल्य पर्ने न्यौपानेले बताउनुभयो।

"दूध बिक्रीबाट मासिक रु एक लाखदेखि डेढ लाखसम्मको कारोबार हुन्छ, खर्च कटाउँदा रु ४०-५० हजार जति बचत हुन्छ", न्यौपानेले थप्नुभयो, "विदेशमा जस्तो कमाई नभए पनि परिवारको साथमा स्वदेशमै स्वरोजगार बन्न पाउँदा खुसी छु ।" उहाँले गल्याङ नगरपालिकाले दिएको दूधमा प्रतिलिटर रु १५ अनुदान कार्यक्रमले हौसला मिलेको बताउनुभयो। "जिल्ला भेटेरिनरीबाट र नगरपालिकाबाट चाँपकटरसहित हालसम्म छ लाखभन्दा बढीको अनुदान पाएको छु", न्यौपानले भन्नुभयो, "सरकारी निकायबाट राम्रो सेवासुविधा पाएको छु ।" उहाँले गएको आर्थिक वर्षमा रु एक लाखको हाराहारीमा नगरपालिकाबाट प्रतिलिटर रु १५ अनुदान अन्तर्गतको रकम पाउनुभएको थियो । न्यौपानेको गाई फार्ममा हाल तीनजनाले रोजगार पाएका छन् । श्रीमती र छोरा व्यवसाय टिकाउनका लागि दरिलो सहारा बनेको उहाँको भनाइ छ। "म बजार जाँदा श्रीमतीले घाँसपानी र कुँडोको काम गरिदिँदा सहज बनेको छ", न्यौपानेले भन्नुभयो, "लम्पी स्किन रोगले सताए पनि गाईपालनमा खासै समस्या देखिएको छैन, बजार राम्रो भएकाले गाईपालनलाई अझ व्यवस्थित र विस्तार गर्दै लैजाने सोच बनेको छ।" श्रीमती कमलाले विदेश छाडेर गाउँमै श्रीमान्सँग काम गर्न पाउँदा खुसी मिलेको बताउनुभयो । "उहाँ विदेशमा हुँदा कहिले के हुने हो भन्ने चिन्ता हुन्थ्यो, चाडपर्वमा सबैलाई न्यास्रो लाग्थ्यो," कमलाले भन्नुभयो, "अहिलेसँगै हुँदा मलाई पनि धेरै सहारा मिलेको छ, सुखदुःखमा सँगै हुन पाएका छौँ।" उहाँले गाईपालन व्यावसायबाट आत्म सन्तुष्टि मिलेको बताउनुभयो । नगरपालिकाका पशु शाखाप्रमुख सुशील अर्यालले नगरपालिकाले नगरभित्रका पशुलाई निःशुल्क बीमा, दूधमा प्रतिलिटर रु १५ अनुदान, ब्याजमा चार प्रतिशत अनुदान, साइजेलमा अनुदान, मल बनाउने तालिम, घाँसको बीउ, बेर्ना, निःशुल्क उपचार तथा प्राविधिक सेवा लगायतका सहयोग गरेको बताउनुभयो । उहाँले कृषकलाई हौसला दिन गोठगोठमै पुगेर अनुगमन गर्ने, गुनासा टिपोट गर्ने र सल्लाह दिने गरिएको बताउनुभयो।

# भीमादमा 'एक वडा, एक उत्कृष्ट कृषक' सम्मान कार्यक्रम

**पोखरापत्र संवाददाता**
तनहुँ, ११ कार्तिक

जिल्लाको भीमाद नगरपालिका कार्यालयले किसानलाई प्रोत्साहन गर्न ' एक वडा, एक उत्कृष्ट कृषक' सम्मान कार्यक्रम ल्याउने नीति लिएको छ।

कृषि उत्पादन वृद्धि गराई खाद्यान्न उत्पादनमा नगरपालिकालाई आत्मनिर्भर बनाउने योजनाअनुरुप कृषकलाई पुरस्कृत गर्ने कार्यक्रम रहेको नगरपालिकाले जनाएको छ । कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण उत्पादन तथा उत्पादनकत्वमा वृद्धि गरी खाद्य सुरक्षाको प्रत्याभूति र कृषि पेसालाई आयआर्जनको रूपमा विकास गर्न किसानलाई पुरस्कृत गर्न लागेको हो । खेतीयोग्य जमिनमा व्यवस्थित सिँचाइ सुविधा पुर्‍याउन नगरपालिकाले पक्की बाँध कुलो निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको प्रमुख प्रशासकीय अधिकृत मोहनप्रसाद मरासिनीले जानकारी दिनुभयो। हाल कायम रहेका कृषि पकेट क्षेत्रलाई विस्तार एवं स्तरोन्नति गर्नुका साथै सम्भाव्यता र माटो परीक्षणका आधारमा माछा, अर्ग्यानिक तरकारी बीउ उत्पादन र दूध तथा मासु थप विषयमा पकेट क्षेत्र विस्तार गर्दै लैजाने लक्ष्य रहेको छ। कृषि पेसाको महत्व तथा आवश्यकतालाई विद्यालयस्तरबाट बोध गराउनका लागि माध्यमिक तहका विद्यार्थीलाई लक्षित गरी तनहुँ प्राविधिक शिक्षालयसँगको समन्वय तथा सहकार्यमा विद्यालय कृषि शिक्षा कार्यक्रम सञ्चालन गर्न लागेको नगरप्रमुख दधिराज सुवेदीले जानकारी दिनुभयो । नगरपालिकाका पशु सेवा शाखा तथा सेवा केन्द्रमार्फत वडास्तरमा घुम्ती सेवा प्रदान गरी पशुमा लाग्ने आन्तरिक तथा बाह्य परजीवीको पहिचान गरी निःशुल्करूपमा औषधिको व्यवस्था मिलाइएको उहाँले बताउनुभयो । दूध उत्पादन र कृषि व्यवसाय विस्तार गरी किसानको जीवनस्तरमा सुधार ल्याउन नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिने नगरपालिकाले जनाएको छ। "दूध उत्पादन तथा दुधजन्य पदार्थको उत्पादकत्व वृद्धि गरी नगरपालिकालाई दूध तथा दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउन दुग्ध चिस्यान केन्द्रको विस्तार गर्न लागेका छौँ", नगरप्रमुख सुवेदीले भन्नुभयो।

नगरपालिकाभित्र पाइने रैथाने खरी जातको बाखा हाल लोप हुने जोखिममा रहेको हुँदा त्यसको संरक्षण गर्नका लागि विशेष कार्यक्रम सञ्चालन गरी स्रोत केन्द्रका रूपमा विकास गर्न लागिएको छ। कृषि तथा पशुपक्षी क्षेत्रमा हुने जोखिमलाई न्यूनीकरण गर्नका लागि कृषि तथा पशु बीमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरी लाभ लक्षित वर्गसम्म पुर्‍याउन पहलकदमी थालिएको नगरप्रमुख सुवेदीले बताउनुभयो।

# राजनीतिक दल र राज्यका संस्थाप्रति आमनागरिकको विश्वास घटेको छैन : सभापति देउवा

**रासस**
काठमाडौं, ११ कार्तिक

नेपाली कांग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले कांग्रेस लोकतान्त्रिक पार्टी हुनाका नाताले राजनीतिक दलहरुप्रतिको आलोचनालाई सकारात्मकरुपमा लिएको बताउनुभएको छ।

बडादसैं, तिहार, नेपाल संवत् र छठलगायत पर्वका अवसर पारेर कांग्रेसले पार्टी केन्द्रीय कार्यालयमा आयोजना गरेको चियापान तथा शुभकामना आादनप्रदान कार्यक्रममा सञ्चारकर्मीसंग कुराकानी गर्नुहुँदै उहाँले भन्नुभयो, "दलहरुप्रति आएको आलोचना र टिप्पणीलाई मैले सकारात्मक लिएको छु ।" राजनीतिक दलहरुले आफूलाई जनताका बीचमा लोकप्रियता हासिल गर्न राम्रोसँग काम गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले सबै राजनीतिक दलप्रति जनताको आशा र भरोसा उत्तिकै कायम रहेको दाबी गर्नुभयो । सभापति देउवाले भन्नुभयो, " राजनीतिक दल र राज्यका संस्थाप्रति विश्वास घटेको छैन ।" कांग्रेस पार्टीभित्र बेमेल भइरहेको छ नि भन्ने सञ्चारकर्मीको जिज्ञाशामा उहाँले पार्टीभित्र बेमेल रहेको कुरा सत्य होइन भन्नुभयो। उहाँले भन्नुभयो, "दलभित्रको फरक मत हुन सक्लान,यसलाई हामीले व्यवस्थापन गरिरहेका छौँ ।" सो अवसरमा नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले सङ्कटका बेला दल हातेमालो गर्दै अगाडि बढेको विगतका घटना स्मरण गर्दै अबका चुनौतीलाई हल गर्न पनि दल एक हुनुपर्ने बताउनुभयो। राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले दलबीच सद्भाव बाँड्ने परम्पराका रुपमा चियापान कार्यक्रम हुँदै आएको उल्लेख गर्दै चियापानले दलहरुप्रति संवाद आदानप्रदान हुने विश्वास व्यक्त गर्नुभयो। शुभकामना आदानप्रदान कार्यक्रममा सभामुख देवराज घिमिरे, पूर्वसभामुखद्वय दमननाथ ढुङ्गाना र अग्निप्रसाद सापकोटा, नेपालका लागि चिनियाँ राजदूत चेन सङलगायत विशिष्ट व्यक्तित्वको सहभागिता थियो।


## स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा कायम गरौं

कसैले पनि स्वास्थ्य उपचारको विषयलाई लिएर,
- स्वास्थ्य संस्थामा आगजनी गर्नु,
- स्वास्थ्य संस्थामा तोडफोड वा हानि नोक्सानी पुऱ्याउनु,
- स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गर्नु तथा चोट पुऱ्याउनु, धम्की दिनु, गाली–गलौज गर्नु वा अभद्र व्यवहार गर्नु,
- स्वास्थ्य संस्थामा तालाबन्दी गर्नु वा घेराऊ गर्नु,
- स्वास्थ्य संस्थाले प्रदान गर्ने उपचार सेवामा बाधा पुऱ्याउनु,

यस्ता कार्यहरु कानूनबमोजिम दण्डनीय भएकोले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा कायम गरौं, असल नागरिकको कर्तव्य निर्वाह गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुबेर पनि गरीब हुन्छ ।
-चाणक्य

## सम्पादकीय

# ठेकेदार विरुद्ध नागरिक आक्रोश

बाटो बनाउने ठेक्का लिएको निर्माण कम्पनीले काम नगरेपछि नागरिकले ठेकेदारको खोजी गर्न थालेका छन । राजनीतिक पहुँचका आधारमा ठेक्का लिएर काम नगर्ने ठेकेदारहरूले नागरिकले सामाजिक सञ्जालमा खोजी गरेका छन । कानुन बनाउने ठाउँमा पुगेका सांसद, राजनीतिक दलका नेता, कार्यकर्ताले लिएको ठेक्का अलपत्र परेको छाअति भएपछि बाटोमा फोटो राख्ने र काम सक्न दबाब दिन थालिएको छ । लामो समयदेखि निकै चर्चामा रहेको मदन भण्डारी राजमार्गको विषयलाई लिएर फेरि सामाजिक सञ्जालमा ठेकेदार सांसदको खोजी गरिएको छ । यसअघि सामाजिक संजालमा स्टाटसमार्फत ठेकेदारको खोजी गरेका नागरिकहरुले अहिले रुखमा संघीय सांसद दीपालकुमार शाहीको तस्बिरसहितको पोस्टर टाँसेर प्रश्न उठाएका छन् । मदन भण्डारी राजमार्ग अन्तर्गत बड्डीचौर–खब्बागाडेसम्म १३ किलोमिटर कालोपत्रे गर्न जयदेवी जेभी बाँकेले ठेक्का लिएको छ । उक्त कम्पनी दैलेख क्षेत्र नम्बर २ बाट निर्वाचित भएका प्रतिनिधि सभा सदस्य दीपालकुमार शाहीको हो । अहिले उनका छोरा सन्देश शाहीको नाममा छ ।

राजनीतिकै आडमा उक्त ठेक्का सांसद शाहीले पार्न सफल भएको र उक्त खण्डमा काममा ढिलाइ भएकाले विरोधको निसानामा शाही परेको आक्रोश नागरिकको छ । यतिबेला सामाजिक सञ्जालमा एउटा तस्बिर भाइरल बनेको छ । जहाँ सांसद शाहीको तस्बिरसहित लेखिएको छ, 'माननीय ठेकेदार दीपाल शाहीज्यू बाटो कहिले बन्छ ?' सालको रुखमा टाँगिएको तस्बिर सामाजिक सञ्जालमा भाइरल छ । यसअघि पनि सुर्खेत पश्चिमका नागरिकहरुले सामाजिक सञ्जालमा ठेकेदार सांसदको खोजी गरिदिन भन्दै अभियान चलाएका थिए । सुर्खेतको वीरेन्द्रनगर विकासको अग्रपथमा लम्किँदा जिल्लाको पश्चिमी क्षेत्र अझै पछि परिरहेको छ । सुर्खेतको पश्चिमी भेगका नागरिकलाई सडक असुविधाका कारण वीरेन्द्रनगर अहिले पनि टाढाजस्तो लाग्छ । त्यसैले पश्चिमका नागरिक वीरेन्द्रनगरलाई नै सुर्खेत भनेर सम्बोधन गर्छन् ।

सडकको ट्रयाक खोल्नुभन्दा पहिला पश्चिमका जनता पैदल यात्रा गरेर जिल्ला सदरमुकाम आउँथे । ०४९ सालमा ट्रयाक खुलेको यो सडकमा ०५१ सालदेखिनै गाडी चल्न सुरु भएको हो । तर, जीर्ण सडकका कारण पश्चिम सुर्खेतका जनताको मन अझै रमाउन सकिरहेको छैन । द्वन्द्वकालमा स्तरोन्नति भनेर कनिका छराई शैलीमा सडकका लागि बजेट छुट्याइन्थ्यो । तर त्यो बजेट सडक स्तरोन्नतिमा खर्च हुन सकेन । राजनीतिक दलहरूका कारण विनियोजित बजेट जिल्लामै दुरुपयोग हुने र गाउँसम्म नपुग्दा सडकले गति लिन सकेन । यो क्रम ०७४ सम्म नै रह्यो । संघीयतापछि ०७५ सालमा सडकलाई मदन भण्डारी राजमार्ग नामकरण गरियो । यो सडक सुदूरपश्चिमका कैलाली र डोटीदेखि कर्णालीको राजधानी वीरेन्द्रनगरसँग जोड्ने सिधा राजमार्ग हो । बड्डीचौर–बेनीघाटसम्म ९४ किलोमिटर लम्बाई रहेको यो सडकलाई देखाएर नेताहरुले राजनीति गरिरहेका छन । अहिले नागरिक आक्रोशित हुनको पहिलो कारण यो पनि हो । स्थानीय सरकार बनिसकेपछि गाउँ–गाउँमा नयाँ सडक बनेका छन् तर, मुख्य सडकको अवस्था ज्युँका त्युँ हुँदा जनताले समुचित सुविधा पाउन सकेका छैनन् । यो सडक अन्तर्गत बराहताल गाउँपालिका, चौकुने गाउँपालिका तथा पञ्चपुरी नगरपालिका पर्दछन् । बिच भागमा जंगल छ । केन्द्र सरकारले सडकका लागि आवश्यक बजेट नदिएपछि कर्णाली प्रदेश सरकारका तात्कालीन अर्थमन्त्री एवं हालका सोही क्षेत्रका सांसद विन्दमान विष्टले प्रदेशबाटै बजेटको बन्दोबस्त मिलाएका थिए । ठेक्का जयदेवी जेभी बाँकेले १४ असार ०७९ मै जिम्मा लिएको हो । २४ असार ०८१ मा कालोपत्रे सम्पन्न गरिसक्ने लक्ष्य राखिएको सडक कालोपत्रेका लागि ४२ करोड ४७ लाख ६१ हजार रुपैयाँ बजेट छ ।

तर, अहिलेसम्म सडकका ५ प्रतिशत पनि काम हुन सकेको छैन । जसका कारण सडक घाम लाग्दा धुलाम्य त पानी पर्दा हिलाम्य हुन्छ । त्यसको असर यात्रुहरुलाई पर्छ । आक्रोशित यात्रु तथा सुर्खेत पश्चिमका नागरिकले भने विरोध स्वरुप सांसद दीपाल शाहीलाई निशाना बनाएका छन । म्यादीको बेनी दर्बाङ सडक पनि ठेकेदारले बेहाल बनाएपछि तत्कालीन सांसद जीप छिरिङ लामाको फोटो टाँसेर विरोध जनाएका थिए । माओवादी अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डका घरभेटी शारदाप्रसाद अधिकारीको फोटो राखेर नगरकोटका जनताले विरोध जनाएका थिए । यी त प्रतिनिधि मूलक घटना हुनाइदशभरिका निर्माणका काम यस्तै हालतमा छन । नागरिकले विरोधमा फोटो राख्नुपर्ने अवस्था आउनु विडम्बना हो । सरकार ठेकेदारसँग मिलेमतो नगर्ने हो भने मनपरि गर्ने आँट ठेकेदारले गर्ने थिएनन् ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाव |
| कर्कट | : मन चञ्चल | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : व्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# पर्यटकको वृद्धिसँगै बन्दीपुरका व्यवसायी उत्साहित

**पोखरापत्र संवाददाता**
तनहुँ, ११ कार्तिक

'पहाडकी रानी' उपनामले परिचित पर्यटकीय क्षेत्र बन्दीपुरमा पर्यटकको चहलपहल बढ्न थालेको छ । आन्तरिक एवं बाह्य पर्यटकको दैनिक आवागमनमा वृद्धि हुन थालेपछि यहाँका व्यवसायी उत्साहित भएका छन् ।

बाह्य पर्यटकको तुलनामा आन्तरिक पर्यटकको सङ्ख्या बढी हुने गरेको बन्दीपुर पर्यटन विकास समितिका निवर्तमान अध्यक्ष बैँश गुरुङले राससलाई जानकारी दिनुभयो । दसैँमा आन्तरिक पर्यटकको चहलपहल बढेको उहाँले बताउनुभयो । दसैँमा दैनिक सात सयदेखि एक हजारसम्म आन्तरिक पर्यटकले बन्दीपुर भ्रमण गरेका थिए ।

विशेषगरी युरोपेली मुलुक, चीन, भारतलगायत देशबाट पर्यटक बन्दीपुर आउने गरेका छन् । बाह्य पर्यटक दिनमा चार सयदेखि पाँच सयसम्म आउने गरेका छन् । बन्दीपुर घुम्न आउने पर्यटकका लागि होटल व्यवसायीले आकर्षक कार्यक्रम नबनाए पनि आन्तरिक पर्यटकका लागि १० देखि १५ प्रतिशतसम्म छुट दिने गरिएको छ । कुनै बेला व्यापारिक केन्द्र बनेको बन्दीपुर विसं २०२५ मा सदरमुकाम दमौलीमा सरेपछि व्यापारी पनि दमौली, आँबुखैरेनी र नारायणगढतिर गएका कारण यो स्थल प्रायः सुनसान भएको थियो ।

# म्याग्दी र मुस्ताङमा पर्यटकको घुइँचो

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ कार्तिक

म्याग्दी र मुस्ताङमा पर्यटकको घुइँचो लागेको छ । घुम्न आएका पाहुनाले होटल तथा लज भरिभराउ भएका छन् । म्याग्दी होटल तथा रेष्टुरेष्ट व्यवसायी सङ्घका अध्यक्ष ताराप्रसाद आचार्य (बाबुराम)ले दसैँलगत्तै पाहुनाको चाप बढेर होटल भरिभराउ भएका जानकारी दिनुभयो ।

"देशका विभिन्न ठाउँमा भ्रमणमा आएका पाहुनाले होटल भरिएका हुन", गलेश्वरमा रहेको होटल याकका सञ्चालकसमेत रहेका आचार्यले भन्नुभयो, "पोहोर परार सालभन्दा यसपालि पर्यटक आगमन राम्रो छ ।" बेनी, गलेश्वर, पोखरेबगर, भुरुङ–तातोपानी, दाना, घोडेपानी, सिंगा तातोपानीका होटल पाहुनाले भरिभराउ बनेका हुन् । होटल तथा रेष्टुरेष्ट व्यवसायी सङ्घका अनुसार बेनीमा रहेका ५० होटलमा एक हजार जना बास बस्न सक्ने क्षमता छ । दशभन्दा बढी सुविधायुक्त होटल रहेको भुरुङ तातोपानीका होटल व्यवसायी राजु हमालले तीन दिनयता सबै होटल पाहुनाले भरिभराउ रहेका बताउनुभयो ।

बडादसैँको टीकाको भोलिपल्टदेखि काठमाडौँ, पोखरा, चितवन, विराटनगर, रुपन्देहीलगायत देशका सबैजसो जिल्लाबाट म्याग्दी हुँदै मुस्ताङ जाने आन्तरिक पर्यटकको ओइरो लागेको छ । मुस्ताङ प्रवेश गर्ने घाँसा प्रहरी चौकीका प्रमुख प्रहरी नायब निरीक्षक प्रताप महतले तीन दिनयता दैनिक चारदेखि पाँच हजार पाँच सय पर्यटक मुस्ताङ भित्रिएका जानकारी दिनुभयो ।

"कात्तिक ९ गते एक हजार दुई सय सवारीसाधनमा पाँच हजार पाँच सय, १० गते नौ सय ७४ सवारीसाधनमा पाँच हजार र शनिबार सात सय सवारीसाधनमा चार हजार जना मुस्ताङ भित्रिएका छन्", उहाँले भन्नुभयो, "अन्य समयमा दैनिक डेढ सयदेखि दुई सय सवार भित्रिनमा पर्यटक भित्रने गरेका थिए ।" महतका अनुसार जीप, बसको तुलनामा मोटरसाइकल, निजी गाडी र स्कुटरमा मुस्ताङ घुम्न जाने बढी छन् । पर्यटकीय याम, अनुकूल मौसम, चाडपर्वको बिदा भएकाले विद्यार्थी, व्यापारी, कर्मचारीलगायत विभिन्न पेसा व्यवसाय गर्नेहरू मुस्ताङ घुम्न आएका घरपफोङ गाउँपालिकाका कार्यपालिकासदस्यसमेतरहनुभएका मार्फाका होटल व्यवसायी राजु लालचनले बताउनुभयो । "पोहोर साल दसैँमा वर्षातका कारण सडक अवरुद्ध हुँदा अपेक्षाकृत पाहुना आएका थिएनन्, आएकाले पनि दुःख पाए", उहाँले भन्नुभयो, "यसपालि सडक, मौसम सफा भएकाले छोटो समय घुमघाम गर्नेले मुस्ताङलाई रोजेका छन् ।" शरदयाम घुमघामका लागि उपयुक्त मानिन्छ । विदेशीभन्दा नेपाली पर्यटकको सङ्ख्या बढी रहेको होटल व्यवसायीले बताएका छन् ।

# बस्ती जोगाउन सेतीमा तटबन्ध

**पोखरापत्र संवाददाता**
तनहुँ, ११ कार्तिक

तनहुँको भीमाद बजारका बस्ती जोगाउन सेती नदी किनारमा ग्याबिन तटबन्ध निर्माण गरिएको छ । विगत वर्षदेखि नदीमा आएको पानीको बहावले कटान गरी बस्ती क्षेत्रमा क्षति बनाएपछि संरक्षणका लागि तटबन्ध निर्माण गरेको हो ।

नदी कटानका कारण भीमाद बजार क्षेत्रका ३५ घर बढी उच्च जोखिममा रहेको भीमाद नगरपालिकाले जनाएको छ । दुई सय मिटर बढी दूरीमा तटबन्ध निर्माण गरी बस्ती जोगाउने प्रयास गरिएको छ । पटक–पटक गरी उक्त स्थानमा रु दुई करोड बढी लगानी भइसकेको नगरप्रमुख सुवेदीले जानकारी दिनुभयो । "दीर्घकालीन व्यवस्थापनका लागि लागत तयार गरिएको छ, रु १७ करोडको लागतमा सेती नदी किनारमा रिटेनिङ वाल निर्माणका लागि डिपिआर बनाएर राखिएको छ", उहाँले भन्नुभयो । करिब ५० देखि ६० मिटर उचाइमा रिटेनिङ वाल निर्माण गर्नुपर्ने देखिएको प्रमुख प्रशासकीय अधिकृत मोहनप्रसाद मरासिनीले जानकारी दिनुभयो । उक्त स्थानमा रिटेनिङ वाल निर्माण गरी माटोले पुरेर बिहान र बेलुका मानिस हिड्ने पैदलस्थलको रूपमा निर्माण गर्ने योजना बनाइएको छ ।

यसैगरीभीमाद नगरपालिका मातहत रहेका नौ वडामध्ये आठ वडाको आफ्नै भवन रहेको छ । नौवटा वडा कार्यालय रहेको यस नगरपालिकामा वडा नं ५ बाहेक अन्य वडा कार्यालयको आफ्नै भवन निर्माण भइसकेको छ । भवन निर्माण भएका सबै वडा कार्यालयको लागि रु एक करोड २८ लाखका दरले बजेट विनियोजन भएको प्रमुख प्रशासकीय अधिकृत मरासिनीले जानकारी दिनुभयो । वडा कार्यालयका आफ्नै भवन निर्माण भएपछि भाडामुक्त भए वडा कार्यालय बनाउन सफल भएको नगरपालिका कार्यालयले जनाएको छ ।

# ढुसीको प्रकोपले कागतीका बोट मर्न थाले, किसान चिन्तित

**पोखरापत्र संवाददाता**
बागलुङ, ११ कार्तिक

फल लागेको कागतीका बोट मर्न थालेपछि बागलुङका किसान चिन्तित भएका छन् । ढुसीको प्रकोप देखिएपछि पछिल्लो दुई महिनायता कागतीका बोट मर्न थालेका हुन् ।

सयौँ किसानका हजारौँ बोट कागती मर्दा लाखौँको क्षति हुने भन्दै यहाँका स्थानीय किसान चिन्तित भएका छन् । किसानले लगाएको कागतीमा ढुसी र गवारो रोग लाग्दा बोट मर्न थालेको कृषि ज्ञान केन्द्र बागलुङका सूचना अधिकारी कुमार पुन मगरले बताउनुभयो ।

गवारो रोगले कागतीका बोटको टुप्पो सुक्दै जाने र बोटनै मर्ने गरेको पुन मगरको भनाइ छ । किसानले तत्काल सुक्न थालेका हाँगालाई समयमै काटेर फाले बोट मर्नबाट जोगिने उहाँले बताउनुभयो । प्रायः कागतीमा लाग्ने यो रोग समय–समयमा देखा पर्ने हुँदा किसानले प्राविधिक परामर्श लिएर यसको रोकथाम गर्न सकिने उहाँको सुझाव छ । उहाँले भन्नुभयो, "ढुसी र काण्डको गवारो रोग लाग्दा कागतीका हाँगा मर्ने गर्दछ, यसको रोकथामका लागि किसानहरू पनि सजक हुनुपर्छ । सुक्न थालेका हाँगा बेलामै काट्नुपर्ने हुन्छ । यो समस्या अहिले जिल्लाको निसीखोला र यसको आसपासका ठाउँमा देखिएको छ ।" निसीखोला गाउँपालिकाका नरबहादुर बुढा मगरले बगैँचामा लगाएको ६० बोटमध्ये ३४ बोट मर्न थालेको बताउनुभयो । टिप्ने बेलाको कागतीका दाना खस्नुका साथै बोटनै मरेको बुढा मगरले बताउनुभयो ।

अघिल्लो वर्ष लगाएका बिरुवा समेत मर्न थालेको उहाँको भनाइ छ । दुई वर्षदेखि व्यावसायिक रुपमा कागती खेती सुरु गरेको बताउने उहाँले आफू नो करिब तीन लाखको क्षति हुने बताउनुहुन्छ । "बारीमा छ/सात वर्ष पहिले लगाएका कागतीका रुख थिए । सुरुमा ती रुखका हाँगा मर्न थाले र पछि साना बोटमा पनि यो समस्या देखियो," उहाँले भन्नुभयो, "यसरी बोटनै मर्दै गए भने त मेरो लाखौँको लगानी डुब्छ, कसरी सुरक्षा दिने होला ?" स्थानीय पूर्णबहादुर क्षेत्रीले ९० बोटमध्ये ७० भन्दा बढी बोटमा रोग देखिएको बताउनुभयो । आफूले सुक्न थालेका सबै बोटका हाँगा काट्न सुरु गरेको उहाँ बताउनुहुन्छ । अघिल्लो वर्ष भने कुनै समस्या नदिएको उहाँको भनाइ छ ।

बागलुङ जिल्लामा हाल ४५ हेक्टर क्षेत्रफलमा कागती खेती छ । पछिल्लो समय कागती खेतीतर्फ किसानको आकर्षण बढ्दै गएको कृषि ज्ञान केन्द्रले जनाएको छ । ज्ञान केन्द्रका अनुसार हाल जिल्लामा २२ हेक्टर जमिनबाट कागती उत्पादन भइरहेको छ ।

# गर्भवती र सुत्केरीलाई पोषण भत्ता

**पोखरापत्र संवाददाता**
दमौली, ११ कार्तिक

सरकारी स्वास्थ्य संस्थामा गर्भ जाँच गराउन र सुत्केरी सेवा लिने काममा आकर्षित गर्न तनहुँका स्थानीय तहले गर्भवती र सुत्केरीलाई पोषण भत्ता उपलब्ध गराउन थालेका छन् ।

सम्बन्धित पालिकाभित्र रहेका सरकारी स्वास्थ्य संस्थामा जाँच तथा सुत्केरी सेवा लिनेलाई पालिकाले पोषणबापत भत्ता उपलब्ध गराउन थालेका हुन् ।

यसैक्रममा व्यास नगरपालिकाले गर्भवतीलाई पोषणबापत जनही रु पाँच हजारका दरले भत्ता वितरण गरेको छ । नगरपालिकाले चालु आर्थिक वर्षमा ६२ गर्भवतीलाई पोषण भत्ता वितरण गरेको जनाएको छ । गर्भवतीलाई समय–समयमा गर्भ जाँच गरी शिशु मृत्युदर न्यूनीकरणमा प्रोत्साहित गर्ने उद्देश्यले प्रोत्साहन पोषण रकम प्रदान गरिएको उपप्रमुख इन्दिरा दरैले जानकारी दिनुभयो । नगरपालिकाले स्वास्थ्य संस्थामा जाँच गरेको मातृसेवा कार्डको प्रतिलिपिका आधारमा गर्भवतीलाई भत्ता वितरण गरेको उहाँको भनाइ छ ।

नगरपालिकाका गर्भवतीलाई पोषण प्रोत्साहन रकम प्रदान गरी गर्भावस्थामा कुपोषण हुनबाट बचाउन तथा प्रोटोकलअनुसार गर्भवती जाँच गर्न प्रोत्साहन गर्ने उद्देश्यले गर्भवती पोषण कार्यक्रमअन्तर्गत हातमै नगद रकम प्रदान गरिएको दरैले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नगरपालिका क्षेत्रभित्र मातृ नवशिशु तथा नवशिशु स्वास्थ्य र पोषण प्रवर्द्धन एवं व्यवस्थापन गर्न कुपोषणमुक्त बालबालिकाको विकास गर्न यो कार्यक्रम ल्याइएको हो ।"

दरैका अनुसार महिलासँग उपमेयर कार्यक्रममार्फत कार्यविधि बनाएर भत्ता वितरणको सुरुआत गरिएको हो । नगरपालिकाभित्र रहेका सरकारी स्वास्थ्य संस्थामा प्रोटोकलअनुसार नियमित गर्भ जाँच गर्ने गर्भवतीलाई भत्ता वितरण गरिनेछ । नगरपालिकाभित्र रहेका सरकारी स्वास्थ्य संस्थाबाट कम्तीमा तीन पटक (४, ६ र ८ महिना) गर्भवती महिलालाई आठ महिनामा मातृ शिशुकार्ड र निजको निवेदनका आधारमा रु पाँच हजार वितरण गरिने महिला शाखा प्रमुख राधा आचार्यले जानकारी दिनुभयो । लक्षित वर्ग छनोटका लागि नगरपालिकाले उपप्रमुखको संयोजकत्वमा लाभग्राही छनोट तथा कार्यान्वयन समिति बनाएको छ । यसको सदस्यमा प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास समितिका संयोजक, कार्यपालिका महिला सदस्यमध्येबाट कार्यपालिकाले तोकेको एक महिला सदस्य, शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख, स्वास्थ्य शाखा प्रमुख रहने छन् । कार्यालयले लक्षित वर्गलाई कार्यक्रममा सहभागी भएको विस्तृत विवरण र स्वास्थ्य संस्थामा जाँच गरेको मातृ सेवा कार्डको प्रतिलिपिको आधारमा नगद भुक्तानी दिनेछ । नगरपालिकाले उपप्रमुखसँग महिला कार्यक्रम पनि प्रभावकारी रुपमा सञ्चालन गरेको छ । यो कार्यक्रममार्फत महिलालाई आर्थिक, स्वास्थ्य, तथा रोजगारी क्षेत्रमा सबल र सक्षम बनाउने उद्देश्य राखिएको छ । यस कार्यक्रमअन्तर्गत शैक्षिक बेरोजगार महिलालाई उद्यमशील बनाउने अभियानअन्तर्गत १२ कक्षा पास गरेका बेरोजगार महिलालाई रु ५० हजारका दरले अनुदान वितरण गरिनेछ ।

यसैगरी जिल्लाको म्याग्दे गाउँपालिकाले सुत्केरी आमा र बच्चालाई आवश्यक पर्ने पोषण आहारा खुवाउनका लागि सुत्केरी पोषण भत्ता उपलब्ध गराएको छ । गाउँपालिकाले ३८ जना सुत्केरी आमालाई जनही रु पाँच हजारका दरले पोषण भत्ता उपलब्ध गराएको हो ।

पोषणको अभावमा सुत्केरी आमा र नवजात शिशुको स्वास्थ्यमा समस्या नआओस् भनेर गाउँपालिकाले सुत्केरी आमालाई पोषण भत्ता दिने नीति ल्याएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले जानकारी दिनुभयो । गाउँपालिकाले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा उक्त कार्यक्रम समावेश गरेको थियो । अध्यक्षसँग सुत्केरी कार्यक्रमअन्तर्गत उक्त पोषणभत्ता उपलब्ध गराएको श्रेष्ठले बताउनुभयो । थर्पु स्वास्थ्य चौकीमार्फत संस्थागत सुत्केरी सेवा लिएका २३ जना र जामुने स्वास्थ्यचौकीमा सुत्केरी गराएका १५ जना सुत्केरीलाई उक्त रकम उपलब्ध गराइएको स्वास्थ्य शाखा प्रमुख तिलक घिमिरेले जानकारी दिनुभयो ।

# पर्यटकको वृद्धिसँगै बन्दीपुरका व्यवसायी उत्साहित

**पोखरापत्र संवाददाता**
तनहुँ, ११ कार्तिक

'पहाडकी रानी' उपनामले परिचित पर्यटकीय क्षेत्र बन्दीपुरमा पर्यटकको चहलपहल बढ्न थालेको छ । आन्तरिक एवं बाह्य पर्यटकको दैनिक आवागमनमा वृद्धि हुन थालेपछि यहाँका व्यवसायी उत्साहित भएका छन् ।

बाह्य पर्यटकको तुलनामा आन्तरिक पर्यटकको सङ्ख्या बढी हुने गरेको बन्दीपुर पर्यटन विकास समितिका निवर्तमान अध्यक्ष बैँश गुरुङले राससलाई जानकारी दिनुभयो । दसैँमा आन्तरिक पर्यटकको चहलपहल बढेको उहाँले बताउनुभयो । दसैँमा दैनिक सात सयदेखि एक हजारसम्म आन्तरिक पर्यटकले बन्दीपुर भ्रमण गरेका थिए ।

विशेषगरी युरोपेली मुलुक, चीन, भारतलगायत देशबाट पर्यटक बन्दीपुर आउने गरेका छन् । बाह्य पर्यटक दिनमा चार सयदेखि पाँच सयसम्म आउने गरेका छन् । बन्दीपुर घुम्न आउने पर्यटकका लागि होटल व्यवसायीले आकर्षक कार्यक्रम नबनाए पनि आन्तरिक पर्यटकका लागि १० देखि १५ प्रतिशतसम्म छुट दिने गरिएको छ ।

कुनै बेला व्यापारिक केन्द्र बनेको बन्दीपुर विसं २०२५ मा सदरमुकाम दमौलीमा सरेपछि व्यापारी पनि दमौली, आँबुखैरेनी र नारायणगढतिर गएका कारण यो स्थल प्रायः सुनसान भएको थियो ।

# बागलुङमा संस्थागत सुत्केरी हुनेको संख्यामा वृद्धि

-खेमराज गौतम/रासस
बागलुङ, ११ कार्तिक

बागलुङको गलकोट नगरपालिका-२ नरेठाँटीमा रहेको बर्थिङ सेन्टरमा गत आर्थिक वर्ष ४० जना गर्भवतीले शिशु जन्माए।

गलकोटको केन्द्रसँग जोडिएको नरेठाँटीमा अहिले उक्त बर्थिङ सेन्टर स्थापना भएपछि शून्य 'होमडेलिभरी' भएको तथ्याङ्क छ। संस्थागत सुत्केरी अभियानमा अहिले बागलुङमा धमाधम बर्थिङ सेन्टर स्थापना गर्ने र भइरहेका बर्थिङ सेन्टरको स्तरोन्नति गर्ने कार्य भइरहँदा जिल्लाभर संस्थागत सुत्केरी हुनेको सङ्ख्यामा वृद्धि भइरहेको छ । फेएरमेडको सहयोग र विवाइसी बागलुङको साझेदारीमा सञ्चालित ग्रामीण स्वास्थ्य सुधार परियोजनाले पाँच वर्षमा बागलुङका दुर्गम स्थानहरूमा १३ बर्थिङ सेन्टर स्थापना गर्न सहयोग गरेपछि संस्थागत सुत्केरीको सङ्ख्यामा वृद्धि भएको छ।

परियोजनाले १३ बर्थिङ सेन्टर स्थापना गर्न र ४० बर्थिङ सेन्टर स्तरोन्नति गर्नमा सहयोग पुऱ्याएको ग्रामीण स्वास्थ्य सुधार परियोजनाका कार्यक्रम संयोजक गणेश बरुवालले जानकारी दिनुभयो । पाँच वर्षदेखि बागलुङमा क्रियाशील रहेको ग्रामीण स्वास्थ्य सुधार परियोजनाले स्थानीय पालिकाको समन्वय र साझेदारीमा नयाँ बर्थिङ सेन्टर स्थापना गर्न, प्रयोगशाला स्थापना गर्न उपकरण र बर्थिङ सेन्टरको स्तरोन्नतिको काम गर्दै आएको बरुवालको भनाइ छ। "जिल्लामा हाल ६१ बर्थिङ सेन्टर रहेका छन्, जसमध्ये ५३ बर्थिङ सेन्टरमा हाम्रो सहयोग पुगेको छ, त्यसमध्ये १३ नयाँ बर्थिङ सेन्टर स्थापना गर्न, ४० बर्थिङ सेन्टर स्तरोन्नति र उपकरणमा सहयोग गरिएको छ, परियोजनाले पाँच वर्षमा दुर्गमका १६ स्वास्थ्य संस्थामा प्रयोगशाला स्थापना गरेको छ", उहाँले भन्नुभयो, "हामीले दीर्घकालीन रूपमा बर्थिङ सेन्टर, प्रयोगशाला सञ्चालनका लागि स्थानीय निकायसँग साझेदारी गरेका छौँ, बर्थिङ सेन्टर स्थापना गर्न हामीले सहयोग गर्छौं, पालिकाले दरबन्दी अनुसारका स्वास्थ्यकर्मी खटाउने गरेको छ।"पाँच वर्षमा १३ बर्थिङ सेन्टर स्थापना गर्न रु दुई लाख बराबरको सहयोग परियोजनाले गरेको छ भने पालिकाले कर्मचारी व्यवस्थापन गरिरहेको छ। त्यसमध्ये परियोजनाले आवश्यक उपकरण, पालिकालाई भिडियो एक्स-रे, बर्थिङ सेन्टरलाई 'बेबी वार्मर' र ४६ बर्थिङ सेन्टरमा अत्यावश्यक रहेको शिशुको मुटुको धड्कन मापन गर्ने यन्त्र सहयोग गरेको बरुवालको भनाइ छ। परियोजनाले ३२ बर्थिङ सेन्टरको मर्मतसम्भार, फर्निचर सामग्री र शय्या सहयोग गरेको छ । आगामी दिनमा ६१ वटै बर्थिङ सेन्टरमा ग्रामीण स्वास्थ्य सुधार परियोजनाको पहुँच पुऱ्याएर बागलुङलाई शून्य होमडेलिभरी गराउने अभियान रहेको परियोजनाको साझेदार संस्था विवाइसी बागलुङका अध्यक्ष मणिभद्र शर्माले जानकारी दिनुभयो।

परियोजनाले रु २० लाख लागतमा चार पालिकालाई गर्भवती परीक्षणका लागि मोबाइल भिडियो एक्स-रे उपकरणसमेत सहयोग गरेको छ। जिल्लाको जैमिनी नगरपालिका, बरेङ गाउँपालिका, काठेखोला गाउँपालिका र ढोरपाटन नगरपालिकामा भिडियो एक्स-रे उपकरण प्रदान गरिएको हो । यस्तै, परियोजनाले स्थानीय पालिकाको साझेदारीमा गाउँघर क्लिनिक तथा खोप क्लिनिक गरी जिल्लाभर १८ भवन निर्माण गरेको छ । रु तीन लाख स्थानीय पालिका र रु तीन लाख परियोजनाको गरी रु छ लाखका १८ वटा भवन निर्माण गर्दा ग्रामीण क्षेत्रमा स्वास्थ्य सुधारका लागि ठूलो सहयोग पुगेको छ। यसअघि गाउँघर क्लिनिक र खोप क्लिनिक नहुँदा व्यक्तिका घर तथा भाडाको घरबाट सेवा दिनुपर्ने बाध्यता रहेको थियो।

सोह्र बर्थिङ सेन्टरमा प्रसूति प्रतीक्षालय कक्ष निर्माण, रु २८ लाख ६० हजार लागतमा २२ बर्थिङ सेन्टरमा बेबी वार्मर सहयोग गरिएको छ । दुर्गमको तमानखोला गाउँपालिकाको वडा नं ६ नर्जाखानी, वडा नं ७ को खुङ्खानीमा बर्थिङ सेन्टर स्थापनाका लागि सहयोग तथा बोङ्गादोभान, तमान र खुङ्खानीको स्वास्थ्य संस्थामा प्रयोगशाला स्थापनाका लागि सहयोग गरिएको तमानखोलागाउँपालिकाकाअध्यक्ष जोकलाल बुढाले जानकारी दिनुभयो। परियोजनाको सहयोगमा बागलुङको मल्म, सिगाना, दर्लिङ, गाडीखोला, सिसाखानी, नर्जाखानी, खुङखानी, लुकुरबन, रमुवा, हटिया, दुदिलाभाटी र नरेठाँटीमा पूर्ण बर्थिङ सेन्टर स्थापना गर्न सहयोग गरेको थियो भने पालिकाले जनशक्तिको व्यवस्थापन गरेको छ।

बागलुङका अति दुर्गम क्षेत्रका गर्भवतीलाई लक्षित गरी बर्थिङ सेन्टर स्थापना गर्दा अकालमै गर्भवती र सुत्केरी तथा नवजात शिशुको मृत्यु हुने जोखिम न्यूनीकरण भएको छ । घरमै सुत्केरी हुँदा आइपर्ने समस्याबाट जोगाई आमा र शिशुको स्वास्थ्य सुरक्षा सुनिश्चितता गर्ने उद्देश्यले दुर्गमका १३ स्थानमा पछिल्लो पाँच वर्षयता बर्थिङ सेन्टर स्थापना गरेर सेवा दिन थालिएको छ । दुर्गम गाउँमा गुणस्तरीय स्वास्थ्य सेवा नहुँदा घरमै सुत्केरी हुने अथवा अस्पताल आउँदा आउँदै बाटोमै सुत्केरी हुने समस्यालाई दृष्टिगत गर्दै ग्रामीण स्वास्थ्य सुधार परियोजनामार्फत बर्थिङ सेन्टर स्थापना तथा उपकरण सहयोग गरिएको र यसलाई पालिकाले सञ्चालनमा ल्याउने गरेको छ।



अन्नपूर्ण आधार शिविरमा पर्यटक : विजयादशमीको टीका लगत्तै ठूलो संख्यामा अन्नपूर्ण आधार शिविर पुगेका आन्तरिक पर्यटक। तस्बिर :रासस

# चाडबाडको मेसोमा म्याग्दीका गाउँगाउँमा मेला र खेलकुद

पोखरापत्र संवाददाता
म्याग्दी, ११ कार्तिक

म्याग्दीका ग्रामीण क्षेत्र खेलकुदमय भएका छन् । दसैं, तिहारको अवसर पारेर ग्रामीण क्षेत्रमा भलिबल, बास्केटबल, फुटबल, महिला भलिबल, ब्याडमिन्टनलगायतका प्रतियोगिता आयोजना भएका हुन्।

युवा क्लबले खेलकुदसँगै स्थानीय र राष्ट्रिय कलाकारको गीत, नृत्य प्रस्तुतिको कार्यक्रमले गाउँघर यतिबेला मेलामय भएको रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभयो। "आठ वटा वडा रहेको हाम्रो रघुगङ्गा गाउँपालिकाको बादुक, भगवती र कोटगाउँमा बडादसैंको अवसरमा रु एक लाखभन्दा बढी पुरस्कार राशिको खेलकुद प्रतियोगिता सञ्चालन भएको छ", उहाँले भन्नुभयो, "मेलापर्वले ग्रामीण क्षेत्रमा खेल प्रतिभाको पहिचान, संस्कृति संरक्षण र गीत तथा नृत्य कला प्रस्तुतिको अवसर मिलेको छ।"रघुगङ्गा गाउँपालिका-१ को बादुक भूमे युवा क्लबले आयोजना गरेको बास्केटबल, पुरुष भलिबल, प्रौढ भलिबल, महिला भलिबल, बाल बास्केटबल र नृत्य प्रतियोगिताका साथै खेलमैदानको शुक्रबार प्रतिनिधिसभा सदस्य खमबहादुर गर्बुजा (खम्बिर), गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारी, पूर्वप्रदेश सांसद विनोद केसी र गाउँपालिका अध्यक्ष भण्डारीले उद्घाटन गर्नुभयो। सोही अवसरमा गण्डकी प्रदेश सरकारको रु दश लाख अनुदान र स्थानीयको श्रमदानमा पुनःनिर्माण भएको बादुक खेलमैदान, सिङ्गापुर प्रहरीमा कार्यरत बादुकका मिथुन शेरपुञ्जाको नेतृत्वमा रु चार लाख २६ हजार चन्दा जुटाएर स्थापना गरिएको बास्केटबलको फाइवर बोर्डको पनि उद्घाटन गरिएको थियो । बादुकको बास्केटबल र पुरुष भलिबल प्रतियोगिताका विजेतालाई रु एक लाख १५ हजार पुरस्कार राखिएको छ । यसैगरी रघुगङ्गा गाउँपालिकाको वडा नम्बर २ भगवतीमा बडादसैंको अवसरमा आयोजित पुरुष भलिबल प्रतियोगिताको पुरस्कार राशि पनि रु एक लाखभन्दा बढी छ। मालिका गाउँपालिकाको वडा नम्बर १ निस्कोटमा कात्तिक ६ गते दसैं मेला सकिएको थियो।

मालिका-२ रुममा भलिबल र वडा नम्बर ५ को देवीस्थान र वडा नम्बर ६ दरवाङमा फुटबल प्रतियोगिता आयोजना भएको छ । देवीस्थानको फुटबल प्रतियोगिताका विजेतालाई पनि रु एक लाख राशिको पुरस्कार राखिएको छ । सहर बजारबाट दश जोड दुई, क्याम्पस तहमा पढ्ने युवायुवती, विदेशबाट आएका प्रवासी र नेपालकै विभिन्न स्थानमा विविध पेसा र जागिरमा रहेका चाडपर्वको बिदामा खेलकुद प्रतियोगितामा रमाउने गरेका बादुक भूमे युवा क्लबका लोकेन्द्र गर्बुजाले बताउनुभयो । मेलामा स्थानीय मौलिक गीत र नृत्य प्रस्तुत गर्ने चलन छ। मौलिक सोरठी, मारुनी, पुर्ख्यौली गीतमा नृत्य गर्ने गर्दछन्। बादुकको खेलकुद प्रतियोगिता र खेलमैदान उद्घाटन कार्यक्रममा प्रतिनिधिसभा सदस्य गर्बुजा र प्रदेश सांसद भण्डारीले मेला महोत्सवलाई सुरक्षित र व्यवस्थित बनाउनुपर्ने बताउनुभयो । ग्रामीण क्षेत्रमा आयोजना भएका खेलकुद प्रतियोगिताबाट छानिएका खेलाडीलाई जिल्ला, प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने अवसर मिलाउने उहाँहरूले बताउनुभयो । राष्ट्रिय महिला भलिबल टिमकी कप्टान अरुणा शाही, महिला भलिबल खेलाडी कमला पुन, पवित्रा विसीलगायत म्याग्दीका धेरै खेलाडी प्रदेश, विभिन्न क्लब र राष्ट्रिय प्रतियोगितामा सहभागी भएका छन्। उनीहरू पनि यसैगरी ग्रामीण क्षेत्रमा आयोजना हुने गरेका खेलकुद प्रतियोगिताबाट नै छानिएर माथि पुगेका हुन्।

# कृषि र पर्यटनलाई जोडेर आवधिक योजना निर्माण

पोखरापत्र संवाददाता
बलेवा, ११ कार्तिक

नगरपालिकाभित्र कम्तीमा १० वटा गौरवका आयोजना सञ्चालन गरेर आन्तरिक आय बढाउने र रोजगारी प्रवर्द्धन गर्ने लक्ष्यसहित बागलुङ नगरपालिकाले आवधिक योजना बनाएको छ।

पाँच वर्षका लागि बजेटसहितको कार्यक्रम र २० वर्षसम्मका दीर्घकालीन योजना समावेश गरेर योजना बनाइएको नगर प्रमुख बसन्तकुमार श्रेष्ठले बताउनुभयो । नगरका धार्मिक तथा पर्यटकीय गन्तव्य जोड्ने कोरिडोर निर्माण गर्ने योजनामा उल्लेख छ। पर्यटन प्रवर्द्धन हुँदा स्वतः रोजगारीका अवसर सिर्जना हुने योजना बनाइएको हो।

शिक्षा र स्वास्थ्यको गुणस्तर बढाउने, शतप्रतिशत संस्थागत सुत्केरी गराउने, प्रत्येक वडामा आधारभूत सेवासहितका स्वास्थ्य संस्था स्थापना गर्ने एवं ५० शय्याको नगर अस्पताल र धौलागिरि अस्पताललाई शिक्षण अस्पतालका रुपमा विकास गर्ने योजना छ। ग्रामीण क्षेत्रबाट बसाइँसराइ रोक्न पक्की नगर चक्रपथ निर्माण गरिने पनि योजनामा छ । यसअघिको चक्रपथले सबै वडा समावेश नगरेकाले बाहिरी चक्रपथको योजना अगाडि आएको हो । छिमेकी पर्वत, म्याग्दी र मुस्ताङलाई समेत समेट्ने पर्यटन मार्गसमेत बनाउने लक्ष यी योजनामा राखिएको छ।

"एउटा पर्यटकले एउटै खर्च र समयमा चार जिल्ला घुम्ने प्रकारको रुट र पर्यटकीय प्याकेजका गन्तव्य बनाउने हो", नगरप्रमुख श्रेष्ठले भन्नुभयो, "मुस्ताङका जनप्रतिनिधिसँग छलफल भइसक्यो, पर्वत र म्याग्दीका जनप्रतिनिधिको छलफल राख्दैछौं।" पर्यटन रुट निर्धारण गरेर प्याकेजमा लैजान सकेमा कृषि तथा गैरकृषि क्षेत्रको रोजगारी पनि बढ्ने नगरप्रमुख श्रेष्ठले बताउनुभयो । होटल व्यवसाय, जिप तथा ट्याक्सी र कृषिको व्यावसायिकीकरणमा रोजगारी बढाउन सकिने उहाँको तर्क छ । यस योजनाले बीस वर्षसम्मको दीर्घकालीन योजना पनि अगाडि सारेको छ। त्यसमा कालीगण्डकी कोरिडोरले चीन र भारतको व्यवसाय गर्दा यहाँको बलेवा क्षेत्रमा सुक्खा बन्दरगाह निर्माण गर्ने योजना छ। त्यसका लागि अहिलेदेखिनै सडकका मापदण्ड निर्धारण, जग्गा व्यवस्थापन र यहाँको बलेवा विमानस्थल सञ्चालनका महत्वकांक्षी योजना छन्। कोरिडोरलाई आधार बनाएर ग्रामीण बस्तीमा आवासीय क्षेत्र बनाउन स्तरीय शाखा सडक निर्माण, पदमार्ग तथा धार्मिक र ऐतिहासिक क्षेत्रको संरक्षण र प्रवर्धन गर्ने आर्थिक विकास समितिका संयोजक नारायण शर्मा पौडेलले बताउनुभयो । बागलुङ कालिका, शालग्राम सङ्ग्रहालय, पञ्चकोट, कुवेरधाम, मालिका हुँदै संसारकोटको धार्मिक पदमार्ग तथा सडक मार्ग बनाइने योजनामा उल्लेख छ । त्यस्तै प्रसिद्ध भैरवस्थान, भकुण्डे, सिगाना, बौद्ध गुम्बा हुँदै चापाखर्क जोड्ने अर्को पहाडी मार्ग बनाइने छ। हिमाली शृङ्खला हेर्दै पदयात्रा गर्ने यो मार्ग उपयोगी हुनेछ। यसअघि यो खण्डमा अमेरिकाका भेगन समूहले पनि भ्रमण गरेका छन् । पहाडी ट्रेकिङ तथा पर्यटकीय दृष्टिले यो क्षेत्र उपयोगी भएको वडा नं ८ का अध्यक्ष छमबहादुर कार्कीले बताउनुभयो।

आवधिक योजनामा एकीकृत तथा आवासीय विद्यालय बनाउने र गुणस्तर विकास गरी शैक्षिक गन्तव्य बनाउने लक्ष छ। चौवालीस प्रतिशत मात्रै रहेको खाद्य सुरक्षा बढाएर ६० प्रतिशत पुऱ्याउने, तरकारी, मासु र अण्डामा आत्मनिर्भर नगर बनाउने तथा ढुङ्गाजन्य वस्तुको निकासी गर्न सक्ने बनाउने योजना छ। त्यसका लागि वस्तुपरक योजना बनाइएको श्रेष्ठले जानकारी दिनुभयो । यी योजना सम्पन्न गर्न नगर तथा सङ्घीय सरकारको अनुदानमा आउने नियमित बजेट झण्डै रु १४ अर्ब खर्च हुनेछ। त्यसबाहेक केही पूर्वाधार र योजनामा निजी क्षेत्रको साझेदारी खोजिने योजनाको मोडल छ । गैरआवासीय नेपाली तथा ठूला व्यवसायीलाई लगानीमैत्री वातावरण बनाइदिने, सडक, खानेपानी र विद्युतीकरण गरेर उद्योग तथा व्यवसाय सञ्चालनमा साथ दिने योजनासहित 'मेरो बागलुङ, समृद्ध र सुखी बागलुङ' नारासमेत तय गरिएको श्रेष्ठले बताउनुभयो।

# म्याग्दीमा पालेका कालिजले पाएन बजार

पोखरापत्र संवाददाता
म्याग्दी, ११ कार्तिक

कालिजले बजार नपाउँदा किसान निराश भएका छन्। बजार अभावमा कालिजपालन गरेका उद्यमीहरू विस्थापित हुन थालेका छन्।

लागतअनुसार मूल्य र बजार नपाउँदा कालिजपालक किसान मर्कामा परेका हुन् । भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र म्याग्दीका अनुसार दुई वर्षअघि जिल्लाभर छवटा कालिज फार्म रहेकामा हाल एकवटा मात्र सञ्चालनमा रहेको छ।

सञ्चालनमा रहेको हरियाली ग्रुपको फार्ममा पनि न्यून मात्रामा कालिज पालिएका छन् । तीन हजारभन्दा बढी कालिज पाल्न सक्ने क्षमता रहेको फार्ममा हाल दुई सय ५० वटाको हाराहारीमा कालिज रहेका हरियाली ग्रुपका महाप्रबन्धक गोविन्द पौडेलले जानकारी दिनुभयो। "सुरुमा बजार र मूल्य राम्रो थियो, अहिले माग आउन र बजार पाउन छाडेपछि सङ्ख्या घटाएका छौं," उहाँले भन्नुभयो, "दानाको मूल्य महँगिने र लागतअनुसार मूल्य नपर्ने हुँदा कालिजपालन फस्टाउन सकेन।" कालिजलाई वनखुकुरा भनेर चिन्ने गरिन्छ । 'राउननेक' जातको कालिज घरमा पाल्नलाई सरकारले अनुमति दिएको छ। पछिल्लो पटक संशोधित वन ऐनले कालिजको व्यावसायिक पालन गर्न सक्ने व्यवस्था गरेको छ। एकवटा भाले कालिजको मूल्य रु दुई हजार पाँच सयदेखि तीन हजार र पोथीको मूल्य रु दुई हजारदेखि दुई हजार एक छ। चल्लाको मूल्य प्रतिगोटा रु आठ सयदेखि रु आठ सय ५० छ। पाँच महिना पालेपछि दुई किलोभन्दा बढी तौल हुने कालिज मासुका लागि खानयोग्य हुन्छन्। म्याग्दीको सदरमुकाम बेनीबजार नजिकै रहेको पर्वतको जलजला गाउँपालिका-५ लेकफाँटमा विसं २०७८ मा स्थापना भएको यमितादह कृषि तथा पशुपक्षी फार्ममा हाल एक हजार दुई सय गोटा बिक्रीयोग्य कालिज छन्। "दिनमा चार हजारको दाना खान्छ, पाँच महिनामा बिक्री गर्नुपर्ने कालिज एक वर्षमा पनि बिकेको छैन," यमितादह कृषि तथा पशुपक्षी फार्मका कर्मचारी मनबहादुर पुनले भन्नुभयो, "गाउँघरमा यसको उपभोक्ता छैनन्। बजारमा कालिजको बिक्री घटेको छ।" सो फार्ममा बेलायतमा रहेका हर्कबहादुर पुनले रु ६० लाख लगानी गरेर तीन रोपनी जमिनमा कालिजपालन गर्नुभएको हो । कालिजको चल्ला उत्पादन गर्ने 'ह्याचिङ' मेसिन भए पनि चल्लाको माग नभएकाले मेसिन प्रयोग भएको छैन। कालिजले सामान्य कुखुराको जस्तै प्रोटिन बढी भएको दाना खाने गर्दछन् । कालिज बिक्री गराउन पोखरामा रेष्टुरेष्ट खोल्न लागेको पुनले बताउनुभयो। कालिज सुत्केरी र युरिक एसिड भएका लागि लाभदायक मानिन्छ । म्याग्दी र आसपासका क्षेत्रका किसानले उत्पादन गरेको कालिज खपत हुने बजार बेनी, गलेश्वर, तातोपानी, कुश्मा, पोखरा, जोमसोम र घोडेपानी हो। आन्तरिक पर्यटक कालिजका उपभोक्ता हुन्। भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र म्याग्दीका प्राविधिक गणेश रिजालले मानिसहरूको खर्च गर्ने क्षमतामा आएको कमीको असर कालिजपालनमा परेको बताउनुभयो । "उपभोक्ताहरूसँग पैसा धेरै हुँदा कालिज, च्याङ्ग्रा, खसी, बोकाको खपत धेरै थियो," उहाँले भन्नुभयो, "पछिल्लो समय कालिजको मात्र नभएर खसीबोका, लोकल कुखुरा र च्याङ्ग्राको मासुको खपत पनि घट्न थालेको छ।" धेरै समय कालिज पाल्दा दानामा लगानी बढ्ने भएकाले सुकुटी बनाउने, 'डिपफ्रिज' गर्ने र आन्तरिक बजारीकरण गर्नुपर्ने सुझाव किसानलाई पशु सेवा प्राविधिकहरूले दिएका छन्।

# संरक्षणको प्रतीक्षामा रामायण भवन

पोखरापत्र संवाददाता
दमौली, ११ कार्तिक

आदिकवि भानुभक्त आचार्यको जन्मथलो तनहुँको भानु नगरपालिका-४ शिखरकटेरीमा निर्माण गरिएको रामायण भवन संरक्षणको प्रतिक्षामा रहेको छ। रामायण भवनको संरक्षण नहुँदा भवन जीर्ण बन्न थालेको छ।

भवनका झ्याल तथा ढोकामा क्षति पुऱ्याइएको छ भने संरक्षण नहुँदा काठ धमिराले धुल्याउन थालेको छ । रामायण भवनको संरक्षणका लागि पटक-पटक आवाज उठाउँदा सुनुवाइ नभएको स्थानीय सन्देश आचार्यले गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "यसबारे बारम्बार सवाल उठाइरहँदा पनि सम्बन्धित निकायहरू कहिँ कतैबाट संरक्षणमा चासो देखाएको पाइँदैन । भानुभक्त आचार्य यस क्षेत्रमा जन्मिदिएर सबैलाई चुलोचौको गर्न सजिलो भयो । उनकै नाउँमा राजनीति गर्न पाइयो । उनकै नाउँमा कमाई खान पाइयो ।" नेपाली भाषाको एकीकरण र विकासमा भानुभक्तको योगदान सबैका लागि मार्गदर्शक रहेको बताउँदै उहाँले भन्नुभयो, "भानुभक्तले लगाएको गुनको पैँचो हामीले कहिले तिर्ने हो ?" जङ्गलको बीचमा रहेको रामायण भवन नजिक बेला-बेलामा आगलागी भइरहन्छ । स्थानीयवासीले आगो नियन्त्रणमा लिँदै आएका छन्। स्थानीयवासी महेश आचार्यले डढेलो लाग्दा दिनरात नभनी आगो नियन्त्रणमा आफूहरू खटिरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "हाम्रो तर्फबाट संरक्षण गरिरहेका छौं तर सम्बन्धित र सरोकार सङ्घसंस्थाको भने चासो नभइदिँदा समस्या भइरहेको छ।"

आदिकवि भानुभक्त जन्मस्थल विकास समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटले जङ्गलको बीचमा भएकाले केही समस्या भए पनि आफूहरू यसको संरक्षणमा जुटिरहेको दाबी गर्नुभयो। उहाँले भन्नुभयो, "संरक्षण नै नभएको भन्ने होइन। जन्मस्थल समिति लागि रहेको छ। सिसी क्यामरा जडान र तारबारको पनि व्यवस्था गर्दैछौं ।" रानाभाटका अनुसार यही ठाउँमा मङ्सिरदेखि भानुगृहको निर्माण सुरु हुँदैछ । पश्चिमाञ्चल विकास मञ्चले भानुगृहको काम सुरु गर्न लागेको हो । "त्यसपछि यो ठाउँ अझ व्यवस्थित हुन्छ । पानी र बत्तीको व्यवस्था भइसकेको छ", उहाँले भन्नुभयो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको आर्थिक सहयोगमा एकीकृत पर्यटन पूर्वाधार विकासअन्तर्गत रामायण भवन निर्माण गरिएको छ।